# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

## गभर्नर डा. खतिवडा एघारौं एशिया प्रशान्त उच्चस्तरीय बैठकमा सहभागी

गभर्नर डा. युवराज खतिवडा बैंक फर इन्टरनेशनल सेटलमेण्टले फिलिपिन्सको मनिलामा आयोजना गरेको 11th Asia Pacific High Level Meeting on Banking Supervision मा भाग लिई फागुन २ गते स्वदेश फर्कनु भयो ।




केन्द्रीय बैंक तथा सुपरिवेक्षकीय निकायका प्रमुख तथा उच्चपदस्थ अधिकारीहरुको उपस्थिति रहेको उक्त बैठकमा Current Issues In The Effective Implementation Of Macroprudential Approach To Supervision; Supervising Systemically Important Banks And Related Home-Host Challenges; Implementing The Basel III Liquidity Standards; Stress Testing; Emerging Issues In Bank Supervision And Regulation लगायत बैंक सुपरिवेक्षणसंग सम्बन्धित प्रमुख विषयवस्तु उपर गहन छलफल तथा विचार विमर्श भएको थियो ।

कार्यक्रमको अन्तमा Roundtable discussion on the activities of the Basel Committee and other issues of interest to the Asia-Pacific supervisory community को आयोजना भएको थियो । उक्त गोलमेच छलफल कार्यक्रममा गभर्नर खतिवडाले Basel Committee को नीति निर्माण कार्यमा कम विकसित अर्थतन्त्रको केन्द्रीय बैंकका सरोकारको सम्बोधन गर्ने प्रक्रियामा समावेशिताको आवश्यकता औंल्याउँदै सम्बन्धित पक्षको ध्यानाकर्षण गराउनु भएको थियो । त्यस्तै Basel III मा जाने तयारीको क्रममा कम विकसित मुलुकको क्षमता विकासको आवश्यकतामा प्रकास पार्दै उहाँले अन्तर्राष्ट्रिय स्तरको लेखाविधि (IAS) लेखा परीक्षण विधि तथा रिर्पोर्टिङ विधि (IFRS) कार्यान्वयन गर्नु चुनौतिपूर्ण रहेको बताउनु भयो ।

उक्त कार्यक्रमको समाप्ति पश्चात् एशियाली विकास बैंकको मनिलामा अवस्थित केन्द्रीय कार्यालयमा उक्त बैंकका President Mr. Takehiko Nakao संग गभर्नर खतिवडाले शिष्टाचार भेट गर्नु भयो ।



क्रमशः ....



भेटका अवसरमा एशियाली विकास बैंकले नेपालको विकास साझेदारको रुपमा उल्लेखनीय योगदान पुऱ्याएको चर्चा गर्नु हुँदै समावेशी आर्थिक वृद्धिका लागि वित्तीय प्रणाली पनि समावेशी हुनु पर्ने र त्यसका लागि केन्द्रीय बैंकको कर्जा नीति, साना-मझौला व्यवसायमा कर्जा लगानी विस्तार र कृषि तथा ग्रामीण क्षेत्रमा बैंकिङ सेवा विस्तार आवश्यक रहेको प्रकाश पार्दै उहाँले एशियाली विकास बेंकलाई यस्तो कर्जा प्रवाह बढाउन सहयोगी हुन सक्ने साना किसान विकास बैंक र कृषि सहकारी जस्ता संस्थाहरूलाई सहयोग प्राप्त हुने प्रकारको सहायता कार्यक्रम अघि बढाउन आग्रक गर्नु भयो । ADB President Nakao ले गभर्नर खतिवडालाई स्वागत गर्दै ग्रामीण पूर्वाधार विकास, साना एवं मझौला जलविद्युत परियोजना लगायत रोजगारीमूलक तथा समावेशी वित्तीय सेवा पुग्ने परियोजनामा लगानी बढाउन सकिने विचार व्यक्त गर्नु भएको थियो ।

**२०७१ फागुन ३ गते आइतबार**

**गभर्नरको कार्यालय**